# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २६४ | काठमाडौं | शुक्रबार, ०९ माघ २०८२ | Prabhab National Daily | Friday, 23 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सभापति गगन अब सानेपामा

काठमाडौं- नेपाली कांग्रेसका सभापति गगन थापाले आज पदबहाली गर्ने भएका छन्। माघ १ गते विशेष महाधिवेशनमार्फत सभापतिमा निर्वाचित थापाले विवादका कारण पदबहाली गर्न पाएका थिएनन्।

निर्वाचनको मुखमा शेरबहादुर देउवा पक्ष र नवनिर्वाचित सभापति थापा पक्षबीच सौहर्दपूर्ण रूपमा अघि बढ्ने सहमति भएसँगै पदबहाली गर्ने वातावरण बनेको हो। 'दिउँसो १ बजे नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा सभापति गगन थापाज्यु लगायत पदाधिकारी तथा सदस्यज्युहरूको पदबहाली कार्यक्रम छ,' कांग्रेस नेता मनोजमणि आचार्यले भने।

सभापति थापाले आजै नयाँ कार्यसमितिको केन्द्रीय कार्यसमितिको बैठकसमेत डाकेको छ। कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रकाश शर्माले नयाँ कार्यसमितिको बैठक बस्ने जानकारी दिए। 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक शुक्रबार दिनको १:०० बजे पार्टीको केन्द्रीय कार्यालय बस्ने भएको छ। उक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य एवं प्रदेश सभापतिहरूको उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिन्छ,' शर्माले भने।

यसअघि थापा नेतृत्वको केन्द्रीय समितिले दुई पटक केन्द्रीय समिति बैठक राखिसकेको छ। पहिलो बैठक ललितपुरको कुपन्डोलमा राखेको कांग्रेसले दोस्रो बैठक काठमाडौंको अर्पण बैङ्क्वेटमा राखेको थियो। विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई माघ ३ गते निर्वाचन आयोगले वैधता प्रदान गरेको थियो। त्यसपछि देउवा पक्ष सर्वोच्च अदालतमा रिट लिएर



**“ केन्द्रीय समिति बैठकबाट गगन थापालाई प्रधानमन्त्रीका उम्मेदवारको रूपमा अघि सार्दै कांग्रेस**

पुगेको थियो। देउवा पक्षका रिटमा आइतबार सुनुवाई गर्दै सर्वोच्चले अन्तरिम आदेश दिएन। यो सँगै देउवा पक्ष सानेपाको केन्द्रीय कार्यालय छाड्न तयार भएको हो।

नयाँ कार्यसमितिको बैठक बस्ने भएसँगै मुख्यसचिव कृष्णप्रसाद पौडेलले राजीनामा दिएका छन्। देउवा पहिलोपटक सभापतिमा निर्वाचित भएसँगै मुख्यसचिव बनेका पौडेलले नयाँ सभापति आउने भएसँगै राजीनामा दिएका हुन्। पौडेल देउवा निकट नेता हुन्। अहिले उनी राष्ट्रिय सभा सदस्यसमेत छन्।

### गगनलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिने

शुक्रबारको बैठकमा राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधि सभा निर्वाचनबारे छलफल हुने बताइएको छ। त्यसैगरी कांग्रेसको नियमित महाधिवेशनबारेसमेत छलफल हुने बताइएको छ। कांग्रेसले यसअघि वैशाख मसान्तमा नियमित महाविधेशन गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो। महामन्त्री गुरुराज घिमिरेले वैशाखमा महाधिवेशन गर्न सकिने अवस्था नरहेको बताएका छन्।

बिहीबार विराटनगरमा सञ्चारकर्मीसँग कुरा गर्दै घिमिरेले फागुन २१ गतेको निर्वाचन र त्यसपछि हुने राजनीतिक गतिविधिका कारण आगामी वैशाखमा पार्टीको नियमित महाधिवेशन गर्न नसकिने बताएका हुन्।

२०८३ पुस मसान्तभित्र पार्टीको नियमित महाधिवेशन गर्ने गरी तयारी गरिने उनले बताए। उनले विशेष महाधिवेशनपछि पार्टी एकजुट भएर निर्वाचनमा अघि बढेको दाबी गर्दै दूरगामी सोचका साथ घोषणापत्र जारी हुने उल्लेख गरे। घिमिरेले आगामी संसदीय दलले सर्वसम्मत रूपमा सभापति थापालाई संसदीय दलको नेता चुन्ने र भावी प्रधानमन्त्री बन्ने दाबी गरे। महामन्त्री घिमिरेले राष्ट्रियसभा निर्वाचनका लागि पहिले नै गठबन्धन भइसकेकाले त्यसले निरन्तरता पाउने बताए।

घिमिरेले प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत कांग्रेसले करिब सय सिट हासिल गर्ने लक्ष्य लिएको र समानुपातिकतर्फ कम्तीमा ३५ लाख मत कटाउने अनुमान प्रस्तुत गरेका छन्। पार्टीभित्र हाल एकता सुदृढ भएको भन्दै उनले संगठन चुनावी प्रतिस्पर्धाका लागि तयार अवस्थामा पुगेको बताए।

## रेशमको संसद आउने बाटो बन्द

- सार्वभौम नागरिक पार्टीकी कमलादेवी गुरूङ र मितेरी पार्टीकी सुमिता बस्नेतको पनि उम्मेदवारी खारेज
- रास्वपाका राजीव खत्री र नेपाल जनसेवा पार्टीकी जानुका पाठकको उजुरी खारेज

■ जेबी योञ्जन

**काठमाडौं-** दशकअघिको टीकापुर घटना फेरि एकपटक राष्ट्रिय राजनीतिक बहसको केन्द्रमा आएको छ। फरक यति हो- यसपटक सडकमा होइन, कानुनका धाराहरू र निर्वाचन अधिकृतको निर्णयमार्फत। आगामी प्रतिनिधिसभा निर्वाचनका लागि कैलाली निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीको उम्मेदवारी खारेज भएपछि थरुहट आन्दोलन, टीकापुर काण्ड, आममाफी र संसदीय राजनीतिका सीमाबारे नयाँ बहस सुरु भएको हो।

मंगलबार कैलाली-१ का निर्वाचन अधिकृत देवराज भारतीले चौधरीको मनोनयन बदर गर्ने निर्णय गरे। निर्णय सार्वजनिक भएसँगै नागरिक उन्मुक्ति पार्टीका कार्यकर्ता आक्रोशित बने। रेशम चौधरीले उम्मेदवारी दर्ता गराएकै दिन उनको योग्यतामाथि दाबी-विरोध परेको थियो। उजुरीमा मूल सवाल थियो- जन्मकैदको सजाय पाएको र पछि राष्ट्रपतिबाट आममाफी पाएको व्यक्ति संसद्‌को उम्मेदवार हुन सक्छ कि सक्दैन?

निर्वाचन अधिकृत भारतीले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को व्याख्या गर्दै उम्मेदवारी खारेजीको आधार स्पष्ट पारे। 'ज्यान मुद्दामा जन्मकैदको सजाय पाएका र जसको फैसला अन्तिम भइसकेको छ, त्यस्ता व्यक्ति उम्मेदवार हुन अयोग्य ठहरिन्छन्। अदालतका तीनै तह (जिल्ला, उच्च र सर्वोच्च)बाट जन्मकैदको फैसला कायम रहेको तथ्यले कार्यालयलाई निर्णयमा पुऱ्याएको हो,' उनले रेशमको उम्मेदवारी खारेज गर्दै भने।



### रास्वपा उम्मेदवार जगदीशलाई आयोगको स्पष्टीकरण

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रतिनिधिसभा उम्मेदवार जगदीश खरेललाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ। बिहीबार आयोगले दोलखाबाट उम्मेदवार बनेका खरेललाई स्पष्टीकरण साधेको हो। निर्वाचन आचारसंहिता, २०८२ उल्लघंन गरिएको भन्दै उनलाई तीन दिन भित्र पेस गर्नेगरी स्पष्टीकरण सोधिएको कानुन अधिकृत मोहनराज जोशीले बताए।

'उल्लिखित सन्दर्भमा यहाँले आचारसंहिताका खण्डहरूको व्यवस्थाको प्रतिकूल हुने गरी दलको झण्डाको प्रयोग र आचारसंहिताले तोकेको २५ (पच्चीस) जनाभन्दा बढीको जुलुस लिएर मनोनयन गरेको हो वा होइन? यदि तपाईले माथि उल्लेख भएजस्तो कार्य गर्नु भएको हो भने तपाईंलाई किन निर्वाचन आचारसंहिता, २०८२ र प्रचलित निर्वाचन कानुन बमोजिम कारबाही गर्नु नपर्ने हो? यस पत्र प्राप्त भएको ३ (तीन) दिनभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न निर्णयानुसार अनुरोध छ,' स्पष्टीकरण पत्रमा भनिएको छ। आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदैछ।

७ भदौ २०७२ मा टीकापुर घटना भएको थियो। थरुहट आन्दोलन जारी छँदा भएको हिंसात्मक झडपमा प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसहित आठ सुरक्षाकर्मी र एक नाबालकको हत्या भयो। उक्त घटनाको मुख्य

> ज्यान मुद्दामा जन्मकैदको सजाय पाएका र जसको फैसला अन्तिम भइसकेको छ, त्यस्ता व्यक्ति उम्मेदवार हुन अयोग्य ठहरिन्छन्। अदालतका तीनै तह (जिल्ला, उच्च र सर्वोच्च) बाट जन्मकैदको फैसला कायम रहेको तथ्यले कार्यालयलाई निर्णयमा पुऱ्याएको हो।
>
> **निर्वाचन अधिकृतको कार्यालय**

> राजनैतिक सिकार बनाउनुको पनि हद हुन्छ, विभेद, दमन र उपेक्षित समुदायलाई उत्पीडनमा पार्दा प्रयोग गरिने हतियार पनि कस्ता-कस्तो?
>
> **रेशमलाल चौधरी**
> संरक्षक, नागरिक उन्मुक्ति पार्टी

योजनाकारको अभियोगमा रेशम चौधरी दोषी ठहर भए। त्यसबेला उनी फरार थिए। फरार अवस्थामै वारेसमार्फत् उम्मेदवारी दिएर अन्ततः प्रतिनिधिसभा निर्वाचन कैलाली-१ बाट जिते। त्यो नेपाली राजनीतिमा दुर्लभ र विवादास्पद घटना बन्यो। पछि आत्मसमर्पण गरेका चौधरीलाई जन्मकैदको सजाय भयो। केही वर्ष जेल बसेका उनलाई तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेला गणतन्त्र दिवसको अवसर पारेर कैद माफी दिने निर्णय सरकारले गरेको थियो। सोही आधारमा सिफारिस गरिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले आममाफी दिएका थिए।

त्यसपछि रेशम यसपटक राजनीतिमा पुनरावगमन चाहन्थे। त्यही भएर उनले राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसँग आफू संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबीच गठबन्धन गरेर उम्मेदवार दिएका थिए। तर, निर्वाचन अधिकृतको निर्णयले रेशमको राजनीतिक बाटो अझै बन्द रहेको स्पष्ट पारेको छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## इपिएसपीडित र सरकारबीचको वार्ता निष्कर्षविहीन, आन्दोलन जारी राख्ने चेतावनी

- श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले पीडित पक्षले राखेको माग सम्बोधनका लागि सम्बन्धित निकायसँग छलफल गर्ने प्रतिबद्धता जनाए पनि बिहीबारको वार्ता निष्कर्षविहीन बनेको छ
- सन् २०२५मा कोरिया जानका लागि एक लाख ६३ हजार जना सहभागी भएको परीक्षाबाट १७ हजार ३० जना उत्तीर्ण भएका थिए। तीमध्ये झण्डै १२ हजार युवाको रोस्टर अवधि सकिन लागेको भन्दै आन्दोलित भएका हुन्
- यता वैदेशिक रोजगार विभागको इपिएस कोरिया शाखाले बिहीबार विज्ञप्ति जारी गर्दै आन्दोलन रोक्न आग्रह गरेको छ

■ ममता थापा

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कोरियन भाषा पास भएका पीडित पक्षबिचको वार्ता निष्कर्षविहीन भएको छ। बिहीबार मन्त्रालयमा 'इम्प्लोइमेन्ट पर्मिट सिस्टम' (इपिएस) प्रणाली अन्तर्गत भाषा परीक्षा पास गरेकासँग गरिएको छलफलको




निष्कर्षविहीन भएको हो।

छलफलमा आन्दोलनरत पक्षले माग पुरा नभएसम्म आन्दोलनबाट पछि नहट्ने अडान राखेका थिए। उनीहरूले भाषा परीक्षा पास भएका ८० प्रतिशतको रोजगारी सुनिश्चित हुनपर्ने, रोस्टर अवधि थप गर्नुपर्ने जस्ता मागहरू राखेका छन्। श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले पीडित पक्षले राखेको माग सम्बोधनका लागि सम्बन्धित निकायसँग छलफल गर्ने प्रतिबद्धता जनाएका थिए। मन्त्री भण्डारीले कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयदेखि प्रधानमन्त्रीसँग समेत आवश्यक छलफल गर्ने जनाएका थिए।

आन्दोलनरत पक्षले आन्दोलनमा उपस्थितको नाम, इपिएस आइडी लगायतका विवरण श्रम मन्त्रीलाई बुझाउनेसमेत तयारी गरिरहेका छन्। उनीहरूको माग सम्बोधन नहुने अवस्था आए आन्दोलनमा उपस्थितकोमात्रै भएपनि माग पुरा गर्नुपर्ने पक्षमा उनीहरू देखिएका छन्।

पीडितको मागको सम्बोधन गर्न मन्त्रालयले हरसम्भव प्रयास गर्ने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए। मुलुकभित्र र बाहिर आवश्यक सुधारको पहल थालिसकेको उनले बताए। 'हामीले पहल गरिरहेका छौं। नेपालमा इपिएसमा गर्नुपर्ने सुधारदेखि अन्य कामहरू सुरु गरिसकेका छौं। कोरिया सरकारमार्फत गरिनुपर्ने कामका लागि पनि हामीले रिक्वेस्ट गरिरहेका छौं,' घिमिरेले भने, 'कोटा बढाउनुपर्ने, रोस्टरको म्याद थप्नुपर्ने, सेक्टर परिवर्तन गर्ने कुराका विषयमा पत्राचार भइरहेको छ। उताबाट बोलाउने बित्तिकै कोरिया गएर छलफल गर्छौं।'

पीडित पक्षले एचआरडीको चलखेलको विषयमा आरोप लगाएका छन्। प्रवक्ता घिमिरे भने एचआरडीको विषय मन्त्रालयको क्षेत्रधिकारभित्र नपर्ने बताउँछन्। मन्त्रालयमा छलफल जारी भएपनि पीडित युवाहरूले भने भैंसेपाटीस्थित एचआरडी कार्यालयमा धर्ना दिने कार्यक्रमलाई बिहीबार पनि निरन्तरता दिएका थिए।

सन् २००८देखि हालसम्म कोरिया जान आवेदन दिएकामध्ये १३ प्रतिशतले मात्र रोजगारीको अवसर पाएको बताइन्छ। यस अवधिसम्म एक लाख २० हजारभन्दा बढीले कोरियामा रोजगारीको अवसर पाइसकेका छन्। सन् २०२५मा कोरिया जानका लागि एक लाख ६३ हजार जना सहभागी भएको परीक्षाबाट १७ हजार ३० जना उत्तीर्ण भएका थिए। तीमध्ये झण्डै १२ हजार युवाको रोस्टर अवधि सकिन लागेको भन्दै आन्दोलित भएका हुन्। यता वैदेशिक रोजगार विभागको इपिएस कोरिया शाखाले बिहीबार विज्ञप्ति जारी गर्दै आन्दोलन रोक्न आग्रह गरेको छ।

क्रमशः पृष्ठ २ मा

## अख्तियारको मुद्दामा प्रभाव दैनिकका प्रबन्ध निर्देशक कार्कीलाई सफाइ

■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रभाव दैनिकका प्रबन्ध निर्देशक कृष्णबहादुर कार्कीले भ्रष्टाचारसम्बन्धी मुद्दामा सफाइ पाएका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रबन्ध निर्देशक कार्कीसहित विभिन्न व्यक्ति र संस्थाविरुद्ध दायर गरेको भ्रष्टाचारसम्बन्धी मुद्दामा आरोप प्रमाणित हुने प्रमाण नभेटिएपछि विशेष अदालतले सबै प्रतिवादीहरूलाई सफाइ दिने फैसला गरेको हो।

अख्तियारले गत जेठ २० गते दायर गरेको मुद्दा २०७९ चैत २३ गते एक दैनिकमा प्रकाशित तिलाठी कोईलाडी गाउँपालिकाको विज्ञापनसँग सम्बन्धित थियो। उक्त विज्ञापन प्रकाशित गर्दा गैरकानुनी लाभ हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको आरोप लगाइएको थियो। मुद्दामा प्रभाव दैनिकका प्रबन्ध निर्देशक कार्की, सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रकुमार यादवलगायत पाँच व्यक्ति र दुई कम्पनीलाई प्रतिवादी बनाइएको थियो।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश सुदर्शनदेव भट्ट र न्यायाधीश उमेश कोइरालाको संयुक्त इजलासले यही माघ ४ गते उक्त मुद्दाका सबै प्रतिवादीहरूलाई सफाइ दिएको हो। प्रबन्ध निर्देशक कार्कीले आफू संलग्न नभएको पत्रिकामा प्रकाशित विज्ञापनलाई लिएर झूटो आरोपसहित अख्तियारले दायर गरेको मुद्दामा सफाइ पाएको बताए। 'तिलाठी कोईलाडी गाउँपालिकाको विज्ञापन जुन पत्रिकामा प्रकाशित भएको थियो, त्यसमा मेरो कुनै संलग्नता थिएन,' उनले भने, 'आरोप झूटो भएको न्यायालयबाट पुष्टि भएको छ।'

# महोत्तरीमा दलभन्दा स्वतन्त्र उम्मेदवार बढी

**महोत्तरी (प्रस)–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लामा दलभन्दा स्वतन्त्र उम्मेदवारको संख्या बढी रहेको छ। चार निर्वाचन क्षेत्र रहेको महोत्तरीमा आगामी फागुन २१ गते हुने निर्वाचनमा ८८ जनाको स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ।

जिल्लाका चार निर्वाचन क्षेत्रबाट दलगत उम्मेदवारी दिने ५५ जनामात्र छन्। क्षेत्र नम्बर १ मा १२, २ र ३ मा १५ एवं ४ मा १३ जना छन्।

यसैगरी, स्वतन्त्र उम्मेदवारी दिने ८८ मध्ये सबैभन्दा बढी क्षेत्र नम्बर ३ मा २७ जना रहेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यसैगरी क्षेत्र नम्बर ४ मा २४, २ मा २२ र १ मा १५ जना स्वतन्त्र उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन्। जिल्लामा १९ जना महिलाले उम्मेदवारी दर्ता गराएका छन्।

# कञ्चनपुरमा 'जलवायुमैत्री कृषि गाउँ' स्थापना गरिँदै

**कञ्चनपुर–** कञ्चनपुरमा 'जलवायुमैत्री कृषि गाउँ' स्थापना गरिने भएको छ। सुदूरपश्चिम प्रदेश सरकारको बजेटमा सञ्चालित कार्यक्रमअन्तर्गत कृषि ज्ञान केन्द्र कञ्चनपुरले जलवायुमैत्री कृषि गाउँ स्थापनाका लागि कृषि कार्यमा संलग्न किसान, समूह, फर्म तथा सहकारीसँग प्रस्ताव माग गरेको छ।

जलवायु अनुकूलखेती प्रणालीको विकास गर्दै तरकारी र फलफूल खेतीमा आधुनिक, वातावरणमैत्री प्रविधि प्रयोग गरी किसानको उत्पादन र आय वृद्धि गर्ने उद्देश्य राखिएको छ। जलवायु परिवर्तनका कारण खेती प्रणालीमा देखिएका चुनौतीलाई न्यूनीकरण गर्दै वातावरण अनुकूल र दिगो कृषि पद्दतिको विकास गरिने कृषि ज्ञान केन्द्र कञ्चनपुरका कृषिप्रसार निर्देशक हरिप्रसाद पनेरुले बताए।

उनका अनुसार जलवायु अनुकूल पद्धतिअनुसार खेती प्रणालीको विकास गरी किसानको उत्पादन क्षमता, आयस्तर र आत्मनिर्भरता बढाउने लक्ष्यसहित यो कार्यक्रम सञ्चालन गरिँदै छ। निर्देशक पनेरुले भने, 'जलवायु अनुकूलखेती प्रणाली विकास गर्नु हाम्रो मुख्य उद्देश्य हो, एक पालिकाको एक टोलमा जैविक खेती पद्धति अपनाएका किसानको प्रस्ताव र कार्यक्रमको सोच मिलेमा त्यस्ता प्रस्ताव छनोट गरी कार्यक्रम सञ्चालन गर्छौं।'

कार्यक्रमअन्तर्गत तरकारी तथा फलफूल खेतीमा केन्द्रित रहेर जलवायुमैत्री प्रविधिको प्रयोग गरिने छ। तरकारी खेतीतर्फ जलवायुमैत्री पोलीहाउस निर्माण, थोपा सिँचाइ प्रविधि, मल्चिङ प्रविधि, गडचौला मल उत्पादन, झोलमल प्रयोग, बजारीकरण तथा तरकारी खेतीसम्बन्धी अन्य सहायक क्रियाकलाप सञ्चालन गरिने छन्।

यी प्रविधिले पानीको खपत घटाउनुका साथै उत्पादन लागत कम गर्ने र मौसमजन्य जोखिमबाट खेती जोगाउन सहयोग पुग्ने निर्देशक पनेरुको भनाइ छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०५/१८ मा दर्ता भएको **प्रा. लि. नं. १३९६२२** को **शिव शक्ति मोबाइल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## पृष्ठ १ बाट क्रमशः

### रेशमको संसद...

यो निर्णयपछि रेशमले असन्तुष्टि प्रकट गरेका छन्। उनले आफूविरुद्ध राजनीतिक विभेद भएको भन्दै कडा शब्दमा विरोध गरे। 'राजनैतिक सिकार बनाउनुको पनि हद हुन्छ, विभेद, दमन र उपेक्षित समुदायलाई उत्पिडनमा पार्दा प्रयोग गरिने हतियार पनि कस्ता कस्तो ? चौधरीले फेसबुकमा लेखेका छन्, 'मण्डेलाले लामो संघर्ष गर्दाको परिणाम प्राप्ति सिंगो अफ्रिका हो। पहिचानको लामो लडाइँको मार्ग कतै त्यही हुने त होइन ? भन्ने भय छ। राजनैतिक विभेदकाविरुद्ध सबैको साथ भनेकै जाँतोमा (चकिया)मा मतदान हो।'

अपराधशास्त्री तथा सशस्त्र प्रहरीका पूर्वएआईजी डा. कृष्णकुमार तामाङका अनुसार रेशम टीकापुर घटनाको दोषबाट मुक्त भएका होइनन्। उनी भन्छन्, 'रेशमलाई सरकारले आममाफी गरेर सजाय माफी दिएको हो। दोषबाट मुक्ति दिएको होइन। आममाफी र दोषमुक्ति फरक हो।'

दोषमुक्त नभएकै जन्मकैदको सजाय पाएका व्यक्ति कारण प्रतिनिधिसभा निर्वाचन ऐनअनुसार उम्मेदवार बन्न अयोग्य हुने र त्यस आधारमा रेशमको उम्मेदवारी खारेज भएको निर्वाचन अधिकृत कार्यालयको तर्क छ। यसरी रेशमको उम्मेदवारी खारेज हुनु नागरिक उन्मुक्ति पार्टीका लागि सामान्य झट्का होइन। यो दलको बलियो प्रभाव कैलाली-१ छ। तर, संरक्षक रेशम स्वयं मैदानमा उत्रिन नपाउने भएपछि अब पार्टीले कसलाई अगाडि साछ वा रणनीति नै फेरिन्छ ? अन्योल भएको छ।

यहीबीच चौधरीले निर्वाचन अधिकृतको निर्णयविरुद्ध सर्वोच्च अदालत जान सक्ने संकेत गरेका छन्। 'म न्याय खोज्छु, यसबारे सोच्दैछु,' उनले प्रभावसँग भने। रेशमलाई निर्वाचन लड्न अघिल्लोपटक पनि बाधा पुगेको थियो। उनी भने त्यसबेला पनि निर्वाचन लड्न चाहन्थे।

यस्तै, उम्मेदवारी खारेज सार्वभौम नागरिक पार्टीकी उम्मेदवार कमलादेवी गुरुङको पनि भएको छ। उनी रूपन्देही निर्वाचन क्षेत्र नम्बर-२ कि उम्मेदवार थिइन्। उनको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा थियो। त्यही भएर उनको उम्मेदवारी खारेज गरिएको निर्वाचन अधिकृत राजेन्द्र न्यौपानेले बताए।

कर्जा सूचना केन्द्रकै कालोसूचीमा रहेकी मितेरी पार्टीकी उम्मेदवार सुमित्रा बस्नेतको पनि उम्मेदवारी खारेज भएको छ। उनी काठमाडौं क्षेत्र नम्बर- १० मा उम्मेदवार थिइन्। तर, कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको उजुरी छानबिन गर्दा प्रमाणित भएपछि उनको उम्मेदवारी रद्द गरिएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। तर, भक्तपुरका दुई उम्मेदवारविरुद्ध दर्ता भएको उजुरी भने निर्वाचन अधिकृतको कार्यालयले खारेज गरेको छ। खारेज भएको उजुरी रास्वपाका उम्मेदवार राजीव खत्री र नेपाल जनसेवा पार्टीकी जानुका पाठकविरुद्ध थियो।

### इपिएसपीडित...

शाखाका निर्देशक टिकाराम ढकालले एक विज्ञप्ति जारी गर्दै मागकर्ताको न्यायको लागि हरप्रकारको प्रयास गरिरहेको जनाउँदै आन्दोलन रोक्न आग्रह गरेका हुन्। 'कोरियन भाषा परीक्षा उत्तीर्ण गरी योग्य सूचीमा रहेका मागरत पक्षका दाजुभाई दिदिबहिनीको दक्षिण कोरियाको रोजगारी सुनिश्चितताका लागि यो कार्यालय हरसम्भव प्रयासरत रहेको व्यहोरा जानकारी गराउँदै वार्ताको माध्यमबाट मात्रै समस्या सामाधान हुने हुँदा धर्ना, जुलुस, आन्दोलनजस्ता कार्यहरू नगर्न नगराउन हुन यो कार्यालय हार्दिक अपिल गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

### बुझाइयो अध्ययन प्रतिवेदन

ईपिएस समस्याबारे अध्ययन गर्न मन्त्रालयले प्रवक्ता घिमिरेको संयोजकत्वमा एक अध्ययन कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले बिहिबार श्रममन्त्री भण्डारीलाई अध्ययन प्रतिवेदन बुझाएको छ।

उक्त प्रतिवेदनले हालको प्रणालीलाई अद्यावधिक गर्नुपर्ने, कोटा वृद्धिलगायत नेपाली श्रमिकको हकहितका लागि शीघ्र कोरियन समकक्षीसँग छलफल गर्नुपर्ने, रोस्टरमा रहेका कतिपय कामदारको फाइल एकपटक पनि रोजगारदाताकहाँ नपुगी अवधि सकिने समस्या भएकाले अधिकतम रोजगारदाताकोमा पुग्ने व्यवस्था मिलाउनपर्ने, कोरियाको वास्तविक मागको आधारमा मात्र पास हुने संख्या निर्धारण गर्नुपर्ने लगायत सुझाव दिएको जनाइएको छ। साथै सेक्टर परिवर्तको विषयमा पनि स्पष्ट नीति तयार पारी सबै क्षेत्रका लागि समान रूपमा लागू हुने व्यवस्था मिलाउनसमेत भनिएको छ। जिटूजीमार्फत सञ्चालन हुँदै आएको र पारदर्शी मानिएको ईपिएस प्रणालीप्रति पछिल्लो समय युवाहरूको असन्तुष्टि बढेको छ। यद्यपि भाषा परिक्षा सञ्चालन तथा व्यवस्थापन, रोष्टर व्यवस्थापन, कर्मचारी छनौटलगायतका काम स्वचालित प्रणालीमार्फत हुने भन्दै यसमा नेपालको कुनै पक्षको संलग्नता नरहेको सरकारको दाबी छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०३/२४ मा दर्ता भएको **प्रा. लि. नं. १९२९५१** को **कोजिभ कन्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०९ गते**

यस कम्पनीको मिति २०८२/०९/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्काईपावर इन्टरनेशनल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/०८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्काईपावर फोर्स प्रा.लि. (प्रा.लि.नं. १७३०५०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**एग्रिटाईम बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-५, कालोपुल, काठमाडौं, फोन नं.०१-४५१६३४५, ४५१६३४६

**कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना !**

*(दोस्रो पटक प्रकाशित मिति २०८२/१०/०९ गते)*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्था संग कर्जा लिदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागि निजलाई पटक पटक मौखिक तथा लिखित रूपमा मिति २०८१ पौष ७ गतेको प्रभाव राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा पनि संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला। अन्यथा कर्जा लिदां संस्थालाई धितो लेखिदिएको तपशिलको अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य व्यबस्था गरि कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस संस्थालाई लेखिदिएको धितो बाट संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल श्रीसम्पत्तिबाट लेना बाँकी रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| ऋणी :- सान बहादुर राई<br>बाबुको नाम : सार्कीमान राई<br>बाजेको नाम : सिगं बहादुर<br>ठेगाना : महादेवस्थान गा.वि.स. १, काभ्रेपलाञ्चोक<br>नागरिकता नं. : १५६१४६<br>जारी जिल्ला : काभ्रेपलाञ्चोक<br> | १) नाम :- राजकुमार राई<br>बाबुको नाम : सान बहादुर राई<br>बाजेको नाम : सार्कीमान राई<br>ठेगाना : मण्डनदेउपुर. ०८, काभ्रे<br>नागरिकता नं. : १५६५२५/जारी जिल्ला : काभ्रेपलाञ्चोक<br><br>२) नाम :- अस्मिता दनुवार<br>बाबुको नाम : कृष्ण लाल दनुवार<br>आमाको नाम : काली दनुवार<br>ठेगाना : फटकशिला ०८, सिन्धुपाल्चोक<br>नागरिकता नं. : २४३०५६।४१८/जारी जिल्ला : सिन्धुपाल्चोक |

धितोको विवरण :
ऋणी सान बहादुर राईको नाममा दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. १ कि.नं. २६६२ को क्षेत्रफल ०-१०-२-१ र कि.नं. २६६५ को क्षेत्रफल १-३-३-३ जग्गा लिगलगापात समेत पुरा।

**कतारमा रोजगार**

कम्पनी : Melaka Contracting And Services

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337396 | चलानी नं. ६०२५१००८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Artist (Decorator) | 2 | 0 | 1200 | ४८,०९३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ASSISTANT CARPENTER | 5 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 3 | ASSIT. PLUMBER | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 4 | ASST. HR MANAGER | 0 | 1 | 6500 | २,६०,५०३ | | | | | | | |
| 5 | BRICK MASONS | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 6 | Carpenter | 7 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 7 | Cleaners (Ladies) | 0 | 3 | 1000 | ४०,०७७ | | | | | | | |
| 8 | Cleaners (Male) | 2 | 0 | 1000 | ४०,०७७ | | | | | | | |
| 9 | driver | 2 | 0 | 1800 | ७२,१३९ | | | | | | | |
| 10 | Foreman | 2 | 0 | 2500 | १,००,१९३ | | | | | | | |
| 11 | Gypsum Board Decorator | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 12 | Gypsum Decorator | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 13 | Labour | 11 | 0 | 1000 | ४०,०७७ | | | | | | | |
| 14 | Mason (Nepal) | 3 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 15 | Painter | 9 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 16 | Pipe Fitter | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 17 | Plaster Worker | 1 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 18 | PLASTERER | 2 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 19 | Plumber | 6 | 0 | 1200 | ४८,०९३ | | | | | | | |
| 20 | Receptionist | 0 | 1 | 2500 | १,००,१९३ | | | | | | | |
| 21 | Supervisor | 3 | 0 | 2500 | १,००,१९३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

'समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार'

**छथर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शुक्रबारे, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

**विद्युतिय बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति- २०८२।१०।०२**

यस छथर गाउँपालिकाको लागि आ.व. २०८२/०८३ मा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजनाहरु बोलपत्र प्रकृयाबाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक सप्लर्सवाट रीतपूर्वकको E- Bidding (विद्युतिय बोलपत्र) आह्वान गरिएको छ।

**तपसिल**

| क्र.सं | ठे.नं. | ठेक्का विवरण | लं.ई.रकम (मू.अ.कर र पि.एस सहित) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | CRM/NCB/W/02/2082/083 | Sukrabare Khaireni Road Upgrading Work. | रू ५३,३९,४५७.२५/- | रू. १,३०,०००/- | E-Bidding | ३०००/- |
| २ | CRM/NCB/W/05/2082/083 | Tukre Sudap Road Upgrading work. | रू ८४,९२,८९५.३८/- | रू. २,१०,०००/- | E-Bidding | ३०००/- |

**शर्तहरू**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३३ औ दिन दिनको १२ बजे भित्र E-Bidding (विद्युतिय बोलपत्र) www.bolpatra.gov.np को माध्यमबाट बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र दस्तुर वापतको रकम छथर गा.पा शुक्रबारे स्थित नविल वैंक छथर शाखामा रहेको आन्तरिक राजस्व खाता न. ग १.१ २१२०१०१७५०००२५ मा मिति २०८२/११/०५ गते भित्र जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ।
२) विद्युतिय बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०८२/०८३ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ। साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको शुक्रबारे स्थित नविल वैंक छथर शाखामा रहेको धरौटी खाता नम्वर ग।३ धरौटी खाता २१२०१०१७५०००१९ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त 'क' श्रेणीको बाणिज्य वैंकवाट जारी गरेको विडवण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ।
३) विद्युतिय बोलपत्र २०८२/११/०५ गते दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्ने छ। बोलपत्र मिति २०८२/११/०५ गते दिनको १:०० बजे नियमानुसार खोलिनेछ।
४) विद्युतिय बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ।
५) म्याद नाघी आएको वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
६) दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।
७) बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार छथर गाउँकार्यपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुममा निहित रहनेछ।
८) माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ।
९) थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र छथर गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ।
१०) यस सूचनामा परेका बिषय यसै बमोजिम नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियमावली तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

**अग्नी प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**


**प्रकाशित मिति : २०८२/१०/०९ गते, शुक्रबार**

यस संघबाट उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रूपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संघलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी संस्था र संस्थाको सञ्चालक, जग्गाधनी, जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिंदा यस संघलाई लेखाई दिएको धितो लिलाम बिक्री गरी यस संघको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम् कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको सञ्चालकहरू वा निजहरूको एकाघर सगोल परिवारको नाममा रहेको वा निजहरुको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका सञ्चालकहरु एवं जमानीकर्ता र धितो दिने व्यक्ति समेतलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ।

**तपसिल**

**ऋणी संस्थाको नाम : क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.**
**ठेगाना : ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर**

**सञ्चालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) भिम बहादुर लामा (अध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : बल बहादुर लामा<br>बाजे : देवराज घिसिङ<br>ना.प्र.नं. : ७८३६८<br>ठेगाना : कोन्ज्योसोम, शंखु-२, ललितपुर<br> | **२) सूर्य तामाङ्ग (सचिव तथा जमानीकर्ता)**<br>बाबु : मान बहादुर तामाङ्ग<br>बाजे : लट्टे तामाङ्ग<br>ना.प्र.नं.: २५८०२<br>ठेगाना : दोलखा-८, थ्यामा<br> |
| **३) प्रतिमा लामा (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : सिर्द्धाथ लामा<br>बाजे : सेले लामा<br>ना.प्र.नं.: ०४-०१-७०-११४२५<br>ठेगाना : नगरकोट-४, भक्तपुर<br> | **४) उद्शव थापा (संचालक तथा जमानीकर्ता)**<br>बाबु : काली बहादुर थापा<br>बाजे : खड्ग बहादुर थापा<br>ना.प्र. नं.: १८२९९<br>ठेगाना : मनिकापुर-८, बाँके<br> |
| **५) प्रेम बहादुर थापा मगर (संचालक तथा जमानीकर्ता)**<br>बाबु : दल बहादुर थापा मगर<br>बाजे : राम बहादुर थापा मगर<br>ना.प्र. नं.: ३३१८/८२<br>ठेगाना : मंगलटार-४, खोटाङ<br> | **६) प्रेम बहादुर लामा (संचालक तथा जमानीकर्ता)**<br>बाबु : कर्म वाङ्गेल लामा<br>बाजे : शेर बहादुर लामा<br>ना.प्र. नं.: ३०१०१०/१७०६९८<br>ठेगाना : कानपुर, कालापानी-६, काभ्रे<br> |
| **७) जित बहादुर लामा (पूर्व अध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : कर्म वाङ्गेल लामा<br>बाजे : शेरबहादुर लामा<br>ना.प्र.नं. : १३८८७३<br>ठेगाना : कानपुर-६, काभ्रे<br> | **८) सुजना घिसिङ लामा (पूर्व सचिव तथा जमानीकर्ता)**<br>बाबु : बल बहादुर लामा<br>बाजे : देवि राज लामा<br>ना.प्र. नं.: २५९७४<br>ठेगाना : शंखु-७, ललितपुर<br> |
| **९) चन्द्र बहादुर घलान तामाङ (पूर्व कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : धनविर घलान तामाङ<br>बाजे : तेज बहादुर घलान तामाङ<br>ना.प.नं. : ६०४३१<br>ठेगाना : कालेश्वर -०५, ललितपुर<br> | **१०) ज्योति मान बनिया (पूर्व संचालक तथा जमानीकर्ता)**<br>बाबु : गौतम कृष्ण बनिया<br>बाजे : ज्ञान मान बनिया<br>ना.प.नं. : ११३४५<br>ठेगाना : काठमाडौं-१३<br> |

**धितोको विवरण**

| जग्गा धनिको नाम | धितोको ठेगाना | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| साङ्मो लामा | काठमाडौं, थलीडांछी | ९/९ग | ९६६, ९२१ | ०-३-३-० <br> ०-०-१-० |
| मिङ्मा लामा | ललितपुर, चापाँगाउँ | ८/८ज | ६६३ | ०-४-१-० |
| सन्तोष सिग्देल | का.म.न.पा, चावाहिल | ६/१०२०९८८२४ | १६३ | ०-११-१-१ |

**ललितपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लिमिटेड**
ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर, फोन नं. : ०१-५४५३००१/५४५३००७
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

# काभ्रेमा तीन लाख २६ हजार ६११ मतदाता

**काभ्रेपलाञ्चोक–** काभ्रेपलाञ्चोकमा तीन लाख २६ हजार ६११ मतदाता कायम छन् । तीमध्ये एक लाख ६७ हजार ४९९ पुरुष मतदाता छन् भने महिला मतदाताको संख्या एक लाख ५९ हजार ११० रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । काभ्रेपलाञ्चोकबाट दुई मतदाताले अन्यमा नाम लेखाएका छन् ।

जिल्लामा दुईवटा निर्वाचन क्षेत्र रहेकामा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचन क्षेत्र नं १ मा १५ दल र तीन स्वतन्त्रसहित १८ जना प्रतिस्पर्धामा उत्रिएका हुन् । त्यस्तै निर्वाचन क्षेत्र नं २ मा १६ दलका र आठ स्वतन्त्र गरी २४ जनाको उम्मेदवारी दर्ता भएको जिल्लास्थित मुख्य निर्वाचन कार्यालयले जनाएको छ ।

क्षेत्र नं २ मा दुईवटा दल र एकजना स्वतन्त्र गरी तीनजना महिला उम्मेदवार प्रतिस्पर्धामा छन् । क्षेत्र नं १ मा अन्य समूहबाट एक जना प्रतिस्पर्धामा उत्रिएका छन् । जिल्ला निर्वाचन अधिकारी दिनेश शिवाकोटीका अनुसार जिल्लामा स्वतन्त्र उम्मेदवार ११ जना छन् । यसपटक दलित उम्मेदवार चुनावी प्रतिस्पर्धामा नरहेका उनले जानकारी दिए ।

आदिवासी जनजातितर्फबाट २५ जनाको उम्मेदवारी परेको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा १६ हजार ५४८ मतदाता थपिएका जिल्ला निर्वाचन अधिकारी शिवाकोटीले जानकारी दिए । क्षेत्र नं १ मा नेकपा एमालेबाट अमित लामा, नेपाली कांग्रेसबाट गुणराज मोक्तान, नेपाली कम्युनिस्ट पार्टीबाट दिनानाथ गौतम, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मधुकुमार चौलागाईंको उम्मेदवारी परेको उनले बताए ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नवराज सत्याल, उज्यालो नेपाल पार्टीबाट योगेन्द्र लामा, नेमकिपाबाट राजु तामाङ, नेसनल रिपब्लिक नेपालका तर्फबाट भरत तामाङले उम्मेदवारी दर्ता गराएका छन् । मंगोल नेसनल अर्गनाइजेसनका तर्फबाट कमलबहादुर लामा, समावेशी समाजवादी पार्टीबाट विनोद लामाले उम्मेदवारी दर्ता गराएका छन् । *रासस*


## Invitation for Bids

**Chichila Rural Municipality**

**Office of the rural municipality**

**Chichila, Sankhuwasabha**

**Koshi Province, Nepal**

**Date of Publication: January 23, 2026**

Chichila Rural Municipality invites electronic bids from eligible for the Construction of following works under national competitive biding procedure:

| S.N. | Contract ID | Name of the project | Estimated Amount (with VAT & PS) | Last Date of time | | Bid Security (Amount (NRS) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/W/P/01/2082/083 | Dhuwachhaga Park & Foot Trail | 98,03,980.17 | Bid Submission | 23rd Feb 2026,12:00 Hrs | 2,21,000.00 | 3,000.00 |
| | | | | Bid Opening | 23rd Feb 2026.14:00 Hrs | | |

1. Electronics Bids must be summited to the office (Chichila Rural Municipality, Chichila Sankhuwasabha) or through PPMO website *(www.bolpatra.gov.np/egp)*
2. Eligible bidders may obtain further information at the office of Chichila Rural municipality Chichila-1 Sankhuwasabha 9842108213 or may visit PPMO website *(www.bolpatra.gov.np/egp)*
3. ***Information to deposit cost of bid document in Bank***
   Name of the Bank :**Prabhu Bank Limited**
   Name of the Office :**Chichila Rural Municipality**
   Account Number :**2757090624100138**
   Rajaswa Sirsak Number :**GA-1-1-CHICHILA GA.PA. ANTARIK RAJASWA KHATA**
4. ***Information to deposited Bid Security Amount in Bank***
   Name of the Bank : **Prabhu Bank Limited**
   Name of the Office : **Chichila Rural Municipality**
   Account Number : **2757090624100058**
   Rajaswa Sirsak Number :**GA-3-1-CHICHILA GA.PA.STHANIYA TAHA DHARAUTI KHATA**
5. If the last date of purchasing and or submission fails on a government holiday, then the next working day shall be considered as the last date. In such Case the validity period of the bid and bid security shall remain the same as specified for the original last data of bid submission.
6. Pre bid meeting shall be held at Chichila Rural Municipality, Chichila-1 at 13 Feb 11:00 Hrs,
7. Chichila Rural Municipality Chichila Sankhuwasbha reserves the right to accept or reject or cancel any bid partially or fully without assigning any reason,
8. Others mandatory information will be as per Public Procurement Act and Public Procurement Regulation.

***Chief Administrative Officer***



**Government of Sudurpashchim Province**

**Ministry of Physical Infrastructure Development**

## Water Supply and Sanitation Division Office

**Kailali**

## Invitation For Bid (IFB)

**(First date of publication: 2026-01-23 (2082 Magh 09)**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following goods/works under National Competitive Bidding (NCB):

| S. N. | Contract ID | Description | Estimated Amount (exclusive of VAT and PS) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/Bid BondValidity | Bid Security/Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/KAILALI/ NCB/GOODS/ 03/2082-083 | Supply and Delivery of HDPE Pipe (PE/100) /(Confirming to NS 40:2079) for Various Water Supply Projects of Kailali and Kanchanpur District | 7,049,542.54 | 3000 | 90/120 days | 210,000.00 |
| 2 | WSSDO/KAILALI/ NCB/GOODS/ 04/2082-083 | Supply and Delivery of GI Pipe, Miscellaneous Fittings, and Other Items. | 7,092,000.00 | 3000 | 90/120 days | 205,000.00 |
| 3 | WSSDO/KAILALI/ NCB/WORKS/ 05/2082-083 | Supply, Delivery and Installation of Pressure Filter at Baghamara WSP, Lamkichuha-6, Kailali | 3,727,899.77 | 3000 | 90/120 days | 110,000.00 |
| 4 | WSSDO/KAILALI/ NCB/WORKS/ 06/2082-083 | Drilling and Installation 250/200 mm diameter Deep Tube Wells for Badeha Bijaura WSP, Godawari-6 Kailali | 2,942,114.50 | 3000 | 90/120 days | 85,000.00 |

2. Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Division Chief**



## साउदीमा रोजगार

कम्पनी : **QAWELL MAINTENANCE & CLEANING EST.**

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337505 | चलानी नं. ६०२५०९९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ७०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: बसुन्धारा, काठमाडौंमा मितिः २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदबरले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. २६७/०५८/०५९

**ARANIKO OVERSEAS PVT. LTD.**

Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com



## साउदीमा रोजगार

कम्पनी : **ASRAR MASAD ALMUTAIRI ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337500 | चलानी नं. ६०२५०९५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 4 | 0 | 1200 | ४६,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदीमा रोजगार

कम्पनी : **SUCCESS CREATORS TRADING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337502 | चलानी नं. ६०२५०९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Lobour | 3 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD** Govt. License No. 1161/073/74

Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



## युएइमा रोजगारको अवसर

कम्पनी : **DECAI GLOBAL CONSTRUCTION L.L.C**

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337514 | चलानी नं. ६०२५०९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Electricians | 4 | 0 | 1200 | ४७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Tile Layer | 6 | 0 | 1200 | ४७,९८५ | | | | | | | |
| 3. | Assit. Plumber | 10 | 0 | 1200 | ४७,९८५ | | | | | | | |
| 4. | Bricklayer | 9 | 0 | 1500 | ५९,९८२ | | | | | | | |
| 5. | Carpenter | 2 | 0 | 1500 | ५९,९८२ | | | | | | | |
| 6. | Plumber | 9 | 0 | 1500 | ५९,९८२ | | | | | | | |
| 7. | Stone / Brick Assistant | 1 | 0 | 1200 | ४७,९८५ | | | | | | | |
| 8. | Stone / Brick Mason | 2 | 0 | 1500 | ५९,९८२ | | | | | | | |
| 9. | Tile Layer. | 9 | 0 | 1500 | ५९,९८२ | | | | | | | |
| 10. | Tile Polisher | 3 | 0 | 1500 | ५९,९८२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 832/066/67

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**

Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८२/१०/९ गते, शुक्रबार**

यस संघबाट उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रूपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संघलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी संस्था र संस्थाको सञ्चालक, जग्गाधनी, जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिंदा यस संघलाई लेखाई दिएको धितो लिलाम बिक्री गरी यस संघको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम् कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको सञ्चालकहरू वा निजहरूको एकाघर सगोल परिवारको नाममा रहेको वा निजहरुको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका सञ्चालकहरु एवं जमानीकर्ता र धितो दिने व्यक्ति समेतलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपसिल**

**ऋणी संस्थाको नाम : जनप्रिय बचत तथा ऋण सहकारी संस्था लि.**
**ठेगाना : ल.पु.म.न.पा.-५, ललितपुर**

**सञ्चालक तथा जमानीकर्ताको विवरण**

**१) अविनाश कार्की (अध्यक्ष तथा जमानीकर्ता)**
बाबु : नेत्रबहादुर कार्की
बाजे : लालबहादुर कार्की
ना.प्र.नं. : १७१०९८/८१
ठेगाना : तुलसी-८, धनुषा



**२) राजेन्द्रमान कायस्थ (उपाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : काजीमान कायस्थ
बाजेः चिरमान कायस्थ
ना.प्र. नं. ८८९९
ठेगाना : काठमाडौं-१७, काठमाडौं



**३) सुवासचन्द्र पोखरेल (सचिव तथा जमानीकर्ता)**
बाबु : गुणकान्त पोखरेल
बाजेः घनश्याम पोखरेल
ना.प्र. नं.: ४४१०३४/२२
ठेगाना : मुच्चोक-२, गोरखा



**४) शम्भु खवास (कोषाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : साइला खवास
बाजेः डम्बर बहादुर खवास
ना.प्र.नं.: ७१४८
ठेगाना : मातातिर्थ - १, काठमाडौं



**५) टेकबहादुर आले (संचालक तथा जमानीकर्ता)**
बाबु : राजु कुमार आले
बाजेः रामबहादुर आले
ना.प्र. नं.: १०९८/११६
ठेगाना : तुलसी-८, धनुषा



**६) कृष्णकुमारी कार्की (संचालक तथा जमानीकर्ता)**
बाबु : कटकबहादुर बरुवाल
बाजेः डम्बर बहादुर बरुवाल
ना.प्र. नं.: २०१०५४/१५२४/५७४१
ठेगाना : कमलामाई-११, सिन्धुली



**७) महेश श्रेष्ठ (संचालक तथा जमानीकर्ता)**
बाबु : रत्नलाल श्रेष्ठ
बाजेः रत्नबहादुर श्रेष्ठ
ना.प्र. नं.: ३८६७४
ठेगाना : टिकाथली-३, ललितपुर



**धितोको विवरण**

| जग्गा धनिको नाम | धितोको ठेगाना | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| राधेश्याम खतिवडा | स्युच्याटार, काठमाडौं | ७ | ३४२ | ०-४-०-० |
| राजु सञ्जेल | लेले, ललितपुर | ९घ | २११, ११४, ११५, १३३, १३९ | ०-१२-२-० |
| नेत्रबहादुर कार्की | सुनाकोठी, ललितपुर | ८ग | ११४१, ११३९, ११३३ | ०-३-३-१ |
| विदुर शिवाकोटी | मध्यपुरठिमी न.पा., भक्तपुर | १६ | ६१ | ०-३-०-० |

**ललितपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लिमिटेड**

ल.पु.म.न.पा.–५,लगनखेल, ललितपुर, फोन नं. : ०१–५४५३००१/५४५३००७
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# इपिएसपीडितको माग सम्बोधन गर

रोजगार अनुमति प्रणाली (इपिएस) प्रणालीमार्फत भाषा परीक्षा उत्तीर्ण गरेकाहरू अहिले निरन्तर आन्दोलनमा छन् । तीन वर्षअघि भाषा परीक्षा पास गरेर कोरिया जान रोस्टर पुरा गरेर पनि जान नपाएको भन्दै उनीहरू आन्दोलनमा उत्रेका हुन् ।

रोस्टर पुरा गर्न भाषा परीक्षादेखि मेडिकल जाँच उतीर्ण हुनुपर्छ । यसरी तयारी अवस्थामा बसेको दुई वर्षभित्र कोरिया नउडे उनीहरू पुन परीक्षामा उत्रनुपर्छ । सन् २०२५ मा कोरिया जान एक लाख ६३ हजार जना सहभागी भएको परीक्षाबाट १७ हजार ३० जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए । तीमध्ये झण्डै १२ हजार युवाको रोस्टर अवधि सकिन लागेको छ ।

दक्षिण कोरिया आफ्नो नीतिअनुसारमात्र श्रमिक लैजान्छन् । यो भनेको उसले चाहेको कामदारमात्र उसले लैजान्छ । यो कोटा उनीहरूले पहिल्यै निर्धारण गरेको छ । सरकारले यो विषय बुझाउन नसक्दा दुई वर्षअघि ललितपुरको ग्वार्कोकोमा दुई जना युवाको मृत्यु भयो । अहिले पनि रोस्टर पुरा गरी बसेका युवाहरू आन्दोलित भएका हुन् । उनीहरूको मुख्य माग हो रोजगारी । समय, सीप र सपना सबै खर्चेर कोरिया जान नपाउनु युवाको लागि दुखको विषय हो । विशेषगरी देशमा रोजगारीको सिर्जना गर्न नसक्दा यो अवस्था आएको हो । १२ हजार युवाको तीन वर्ष स्वत खेर जानु देशका लागि ठुलो घाटा हो । अर्को विषय यी युवाको आक्रोशलाई पनि अब देशले सम्बोधन गर्नुपर्छ ।

अहिले निर्वाचनको माहोल छ । ठुलादेखि साना पार्टी घोषणापत्र बनाउन जुटेका छन् । रोजगारको विषय दलहरूले आफ्नो घोषणापत्रमा समेटे पनि कार्यान्वयन भने गर्न सकेका छैनन् । अहिले आन्दोलनमा उत्रेका पीडितहरूको एकै माग हो – आफूले खर्चेको समय र सिकेको सीप प्रयोग हुने गरी रोजगारी चाहियो । सरकारले यो माग सम्बोधन गर्न कोरियाको सरकारसँग कूटनीतिक संवाद गर्ने भन्दै वार्तामा सहभागीहरूलाई वाचा गरेको बताइएको छ ।

सबैभन्दा पहिले त सरकारले रोजगारको आशामा बसेका युवाहरूलाई झुटा वाचा गर्नुहुँदैन । नसक्ने विषयमा प्रष्टसँग बुझाउन सक्नुपर्छ । कि त रोस्टर अवधि सकिन लागेकालाई कोरिया लैजान सक्छ भन्नुपर्छ कि त यो यो कारणले लैजान सकिन्न भन्न सक्नुपर्छ । लैजान नसक्ने अवस्था प्रष्ट हो भने युवाले विकल्प खोज्न सक्छन् । यसो गर्दा युवालाई सरकारले विकल्पसमेत दिन सक्नुपर्छ । नभए युवाको ऊर्जावान थप समय खेर जाने निश्चित छ । यसले युवामा थप आक्रोश जन्माउँछ । त्यसैले पीडितलाई थुम्थुमाएर राख्नुभन्दा माग चाँडो सम्बोधन गर ।

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# योजना कार्यान्वयनमा अस्थिर राजनीतिको प्रभाव



❑ डा. प्रकाशकुमार श्रेष्ठ

> “ अझै नेतृत्वमा केन्द्रिकृत सोच हट्न सकेको छैन । स्थानीयस्तरमा हुने कामको योजना केन्द्रमा पुग्ने गरेको छ । साना परियोजनाको काम स्थानीय तहले गर्न सक्ने भए पनि केन्द्रलेसमेत बजेट विनियोजन गर्ने परिपाटी अझै कायम छ, जसले दोहोरोपन बढाएको छ । त्यसमा पनि कार्यान्वयन नहुँदा समस्या जस्ताको त्यस्तै नै देखिन्छ । राजनीतिक तहमा पनि आफ्नो निर्वाचन क्षेत्रमा काम देखाउनै भए पनि साना योजना केन्द्रबाटै बजेटमा समावेश गर्ने जुन सोच छ, यसले पनि समस्या ल्याएको देखिन्छ ।

नेपालले २०१३ सालमै योजनाबद्ध विकासको थालनी गरेको हो, जुन दक्षिण कोरियाभन्दा झण्डै पाँच वर्ष अगाडि र हाम्रो छिमेकी राष्ट्र चीन तथा भारतभन्दा केही वर्ष पछाडिको समय हो । वि.सं. २०१३ को अवस्थासँग तुलना गर्दा त आज नेपाल धेरै अगाडि बढिसकेको छ तर योजनाबद्ध विकासको प्रयासबाट अन्य देशले जुन प्रगति गरेका छन्, नेपालले गर्न सकेको छैन । खासमा योजनाबद्ध विकासको लक्ष्य पूरा नहुनुमा योजना बन्ने तर कार्यान्वयनको पक्ष फितलो प्रमुख कारण हो । त्यसैले यो अवधिमा योजनाबद्ध विकासमा हाम्रो उपलब्धि मिश्रित देखिन्छ ।

लामो समयदेखि नेपालले उदारीकरण र निजीकरणको नीति अवलम्बन गरे पनि हामीले योजनाबद्ध विकासको अभ्यास छाडेका छैनौं । नियमित आवधिक योजनामार्फत सरकारी संरचनालाई मार्गनिर्देशन गर्दै आएको छौं तर योजना कार्यान्वयन भने अझै पनि अपेक्षाअनुसार हुन सकेको छैन । यसले गर्दा योजनाहरू कागजमै सीमित रहने र जनताले प्रतिफल नपाउने भएको छ ।

अहिले हामी १६औं योजना कार्यान्वयन चरणको दोस्रो वर्षमा छौं । यो योजना आफैंमा अघिल्ला योजनाभन्दा फरक ढंगले तयार गरिएको छ । यो ‘थिम्याटिक’ र कार्यान्वयनमुखी छ । म स्वयंसमेत संलग्न रहेको टोलीले विभिन्न मन्त्रालयहरूसँग व्यापक छलफल गरी करिब एक वर्ष लगाएर यो योजना तयार पारेका हौं । अहिले हामी योजनाको दोस्रो वर्षमा छौं, अझै तीन वर्ष बाँकी छन् । यस योजनाका पछचाउने कार्यान्वयनकारी दस्तावेजले मन्त्रालयहरूलाई बजेट निर्माणमा स्पष्ट मार्गनिर्देशन गर्छ, यसले लक्ष्य प्राप्तिमा पक्कै सहजता ल्याउँछ ।

योजना कार्यान्वयन प्रभावकारी नहुनुको प्रमुख कारण भनेको राजनीतिक अस्थिरता नै हो । राजनीतिक नेतृत्व स्पष्ट नहुनु, निर्देशन र योजनाको निरन्तरतामा समस्या हुनु अस्थिरताको प्रमुख उपज हो । समय-समयमा राजनीतिक नेतृत्व परिवर्तन हुनु र उसको नीति फरक भइदिँदा पहिलाको योजनालाई निरन्तरता दिनसकेको हुँदैन । त्यस्तै कर्मचारी संयन्त्रमा पनि अस्थिरता, क्षमताको अभाव, छिटोछिटो सरुवा, वित्तीय साधनको अपर्याप्तता र विनियोजनमा कुशलताको कमजोरी देखिन्छ । राजनीतिक अस्थिरताले गर्दा सरकारका प्राथमिकताहरू बारम्बार फेरिने, साना परियोजनामा बढी ध्यान जाने र ठूला रूपान्तरणकारी काम ओझेलमा पर्ने अवस्था सिर्जना गरेको छ । यसले योजनामा समावेश नीति र रणनीतिहरूको कार्यान्वयनमा समस्या आएको हो ।

नेपाल आर्थिक विकासतर्फ अघि बढिरहेको छ तर गति भने अत्यन्तै सुस्त छ । हाम्रो प्रतिव्यक्ति आय १३०० डलरबाट माथि करिब १५०० अमेरिकी डलर आसपाससम्म पुगेका छौं । औसत आयु, साक्षरताजस्ता सूचकमा सुधार भएका छन् तर दक्षिण एसियामै द्वन्द्व भएका मुलुकबाहेक अरु देशको तुलनामा हाम्रो अवस्था त्यति सन्तोषजनक छैन ।

हाम्रो आर्थिक वृद्धिदर औसत चार प्रतिशतमा सीमित छ । कोरोनाअघि क्रमशः तीन वर्ष सरदर सात प्रतिशत वृद्धिदर हासिल भए पनि त्यसले निरन्तरता पाउन सकेन । अहिले कमजोर लगानी, सुस्त कर्जा प्रवाह, निजी क्षेत्र निरुत्साहित र सरकारको पुँजीगत खर्च निराशाजनक छ । तीनै तहका सरकारको खर्च सन्तोषजनक नहुँदा पुँजी निर्माण नेपालको कूल गार्हस्थ उत्पादनको अनुपात घट्दो छ । समग्रमा नेपालको आर्थिक अवस्था त्यति सन्तोषजनक छैन ।

नेपाल संघीयतापछि तीन तहका सरकारले जम्मा ७६१ तहमा बजेट बनाउँछन् । संघ, प्रदेश र स्थानीय तहमा वित्तीय साधन पुगेपछि विकासमा सहयोग पुगेको त देखिन्छ तर तर पर्याप्त भने छैन ।

अझै नेतृत्वमा केन्द्रिकृत सोच हट्न सकेको छैन । स्थानीयस्तरमा हुने कामको योजना केन्द्रमा पुग्ने गरेको छ । साना परियोजनाको काम स्थानीय तहले गर्न सक्ने भए पनि केन्द्रलेसमेत बजेट विनियोजन गर्ने परिपाटी अझै कायम छ, जसले दोहोरोपन बढाएको छ । त्यसमा पनि कार्यान्वयन नहुँदा समस्या जस्ताको त्यस्तै नै देखिन्छ । राजनीतिक तहमा पनि आफ्नो निर्वाचन क्षेत्रमा काम देखाउनै भए पनि साना योजना केन्द्रबाटै बजेटमा समावेश गर्ने जुन सोच छ, यसले पनि समस्या ल्याएको देखिन्छ । यस्ता समस्यालाई न्यूनीकरण गर्न नै राष्ट्रिय योजना आयोगले ‘आयोजना बैंक’ को अवधारणा अघि सारेको हो । यसले तीनै तहको योजना छनोटदेखि कार्यान्वयनको पाटोसम्म आपसमा समन्वय गर्ने काम गर्छ । सूचना प्रविधिमा आधारित यो प्रणालीमार्फत तीनै तहमा आयोजना विवरण साझा हुँदा दोहोरोपनाको सम्भावना कम हुने अपेक्षा गरिएको छ । यसर्थ यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ ।

कतिपय बजार अर्थतन्त्र भएका देशमा योजना आयोग आवश्यक नपर्ने धारणा पनि छन् । तर नेपालको विकास अवस्था हेर्दा योजना आयोग अझै अपरिहार्य नै देखिन्छ । समन्वय, मार्गनिर्देशन र राष्ट्रिय प्राथमिकताका परियोजना छनोटमा आयोगको भूमिका महत्त्वपूर्ण हुन्छ । अहिलेको अवस्थामा प्रत्येक प्रदेशले आफ्नै छुट्टै योजना आयोग गठन गर्नुले पनि योजना आयोगको आवश्यकता पुष्टि गर्छ । यद्यपि, समयसापेक्ष जनशक्ति, संस्थागत क्षमता र कार्यक्षेत्र सुदृढ गर्न नसक्दा आयोगको भूमिका कमजोर बनाइएको अनुभूति हुन्छ ।

बसाइँसराइ विश्वव्यापी मानवीय प्रक्रिया हो । राम्रो अवसरको खोजी, अध्ययन र रोजगारीका कारण युवा विदेसिने क्रम बढेको हो । बाहिर जान खोज्ने युवालाई जबर्जस्ती रोक्न सकिने अवस्था छैन । यसको समाधान भनेको स्वदेशमै रोजगारी सिर्जना, विकासको गति बढाउने र अन्यत्र जस्तै बस्नलायक वातावरण बनाउने नै हो । अहिले देशमा बेरोजगारी र श्रम अभाव दुवै अवस्था देखिन्छ, जुन विरोधाभासपूर्ण पनि छ । एकातिर उत्पादन, कृषि, निर्माणजस्ता क्षेत्रमा श्रम अभाव हुने गरेको अवस्था पनि छ । हाम्रो युवा शक्ति स्वदेशमा ‘ह्वाइट कलर जब’ खोज्ने तर उत्पादनलगायतको क्षेत्रमा काम गर्न अग्रसर नहुने अवस्था पनि छ ।

अब समस्यामात्रै देखाएर पनि हुँदैन, हामीले स्वदेशमा त्यस्तो वातावरण बनाउनुपर्छ जसले युवा पलायन रोक्न सकियोस् । त्यसैले देशमै उद्योग कलकारखाना खोल्ने, व्यवसायमैत्री वातावरण बनाउन लाग्ने तथा गैरआवासीय नेपालीको सीप, पुँजी र अनुभवलाई देशभित्र प्रयोग गर्नसक्ने वातावरण बने युवा पलायनको समस्या समाधान हुन्छ ।

हाम्रो संविधानले प्रत्येक जेठ १५ मा बजेट ल्याउनुपर्ने व्यवस्था गरेको छ । वर्तमान सरकार निर्वाचन केन्द्रित अन्तरिम सरकार भए पनि बजेट निर्माणको आधार तयार गर्न राष्ट्रिय योजना आयोगले आफ्नो नियमित पूर्वतयारी सुरु गरिसकेको छ । विभिन्न मन्त्रालय, प्रदेश र स्थानीय तहबाट योजना संकलन, स्रोत अनुमान र अनुदानको तयारीको अध्ययनको काम निरन्तर हुने कुरा हुन् । आयोगले अहिले योजनाको आधारभूत पक्ष समेटेर बजेटको आधार तयार पार्ने हो र यसमै केन्द्रित छ । यसबाट निर्वाचनपछि आउने सरकारले नीतिगत प्राथमिकतामा केन्द्रित भएर आफ्नो बजेट ल्याउने छ । सुशासन, पारदर्शिता र विकासको गति बढाउने आधार तयार गर्नु नै अहिलेको सरकार र योजना आयोगको प्रमुख दायित्व हो ।

*(राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्रेष्ठसँग राससले गरेको कुराकानीमा आधारित)*

# श्रीपञ्चमी एक, मेला भर्ने स्थान अनेक



❑ पदम श्रेष्ठ

### नील सरस्वतीस्थानः

काठमाडौं महानगरपालिका वडा नं. २ शंखुनामा श्रीपञ्चमीको अवसर पारी भव्य नाचगानसहितको सांगीतिक महोत्सव थालिएको छ । गुम्बजकार नील सरस्वती मन्दिर लिच्छविकालमा साँखुबाट आएका आदिवासी ज्यापु समुदायबाट बसाइएको बताइन्छ । सभ्यता लिच्छविकालीन भए पनि मन्दिर १४औं शताब्दीमा निर्माण भएको नेपाल सम्पदा संघद्धारा प्रकाशित सम्पदा पुस्तकमा उल्लेख छ ।

लिच्छविकालीन राज्य शंखस्यनगरीको अन्तिम सिमानामा अवस्थित लाजिम्पाट नील सरस्वतीस्थान टुकुचा खोला छेउमा रहेको छ । जहाँ श्रीपञ्चमीको दिन भव्य मेला भर्न पुग्ने गर्दछन् । बौद्ध हरिततारा स्वरूप मानिने नील सरस्वती थानमा श्री पञ्चमीका दिन भर्खर लेख्न सिक्ने बालबालिकाहरूको अक्षरारम्भ हुने गर्दछ । तर यस वर्ष देवस्थलको भित्ताभरि लेख्ने कुपरम्परालाई रोक्न मन्दिरको ठाउँ-ठाउँमा सिलोट बोर्ड राख्ने महोत्सव अभियन्ता प्रवीण श्रेष्ठले जानकारी गराएका छन् ।

### श्रीपञ्चमीको आख्यान र वास्तविकता

दाँतले नछोई आख्य (सिंगो, नटुक्रिएको चामलको गेडा) निल्यो भने शिक्षा छिटो आर्जन हुन्छ भन्ने जनविश्वास छ, श्रीपञ्चमीमा । ऋतुराज वसन्त प्रारम्भ भएकोले यस दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । अन्य देशमा वर्षमा चार वटामात्र ऋतु हुन्छन्, तर नेपालमा विविध हावापानीयुक्त छ ऋतु (वसन्त, गृष्म, वर्षा, शरद, हेमन्त, शिशिर) छन् ।

वसन्तु ऋतुलाई नयाँ पालुवा पलाउने सिजन मानिन्छ । यसै दिनदेखि उपत्यकामा वसन्त म्ये हालेगु अर्थात् वसन्त ऋतुको गीत सिलाथ्व पञ्चमीदेखि चिलाथ्व पून्ही (फागू पूर्णिमा) सम्म गाइन्छ । राष्ट्रप्रमुखबाट हनुमानढोकाभित्र नासलचोकमा वसन्त श्रवण गर्ने परम्परा छ, मन्त्रीगणसहित । आख्यानअनुसार ल्हासाबाट आएका मञ्जुश्रीले, साँखु वज्रयोगिनीको आज्ञामुताविक चोभारको गल्छीबाट पानी बाहिर पठाएपछि उपत्यकालाई मानवबस्तीयोग्य बनाए ।

सम्झनास्वरूप स्वयम्भू मञ्जुश्रीस्थान, लाजिम्पाटको नील सरस्वती, ललितपुरको लेले सरस्वतीकुण्ड र भक्तपुरको ल्हासापाको अर्थात् सरस्वतीस्थानमा मेला लाग्ने परम्परा छ । विद्याकी देवी सरस्वती, मञ्जुश्रीलाई एकै स्वरूप मानी देशभर सरस्वती पूजा स-साना नानीलाई अक्षरारम्भ गराइन्छ भने चित्रकार नेवारमा चित्र लेख्ने थालनी हुन्छ । देखाः (तन्त्रविधि) लिएकाले समयज्वलँः (माछा-मासु, जाँड-रक्सी, चिउरा-अण्डा) ले पुज्छन् ।

### स्वयम्भू महाचैत्य मञ्जुश्रीस्थान

विरोचन, अक्षोम्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि पाँच बुद्धस्वरूप पञ्चरश्मि १४१० मिटर अग्लो स्वयम्भू डाँडामा प्रादुर्भाव भएको मानिन्छ । यही रश्मीको दर्शन गर्न सत्ययुग (१७ लाख २८ हजार वर्षअघि) वन्धुमति नगरबाट विपश्वी बुद्ध । द्वापरयुग (आठ लाख ३४ हजार वर्षअघि) हाल नेपालकै गोटिहवा अरूणपुरीबाट शिखि बुद्ध, त्रेतागुग (१२ लाख ९६ हजार वर्षअघि) अनुपम नगरबाट विश्वम्भू बुद्ध, नेपालकै गोटिहवाबाट ककुच्छन्द बुद्ध पञ्चरश्मी स्वयम्भूको दर्शनार्थ नेपाल आएको बताइन्छ ।

त्रेता युगको अन्त्यमा चीनबाट वरदा (सरस्वती) र मोक्षदा (भगवती) दुवै शक्तिका साथ नगराकोटको ल्हासापाकोमा बसी उपत्यकाको पानी चोभार द्वासिकापबाट बाहिर पठाएको बताइन्छ । यस अभियानमा साँखु वज्रयोगिनीको सुझाव लिइएको आख्यान पाइन्छ । यसै दिनको सम्झनास्वरूप स्वयम्भू पछाडि मञ्जुश्रीस्थानमा मेला लाग्ने परम्परा छ, श्रीपचमीका दिन ।

### लेले सरस्वतीकुण्ड

चम्पकेश्वर नदीको संगम लेले सरस्वतीकुण्डमा प्रत्येक वर्ष श्रीपञ्चमी र चैत्र पूर्णिमाका दिन भव्य मेला लाग्ने गर्दछ । संवत् ५२६ मानदेवकालीन शिलालेख रहेको लेले सरस्वतीकुण्ड काठमाडौंबाट २२ किलोमिटर दक्षिण सुनाकुथी, चापागाउँ, टीकाभैरव हुँदै पुग्न सकिन्छ । उपत्यकामा नेवार समाजभित्र ससुपूजाको नाउँमा छुट्टाछुट्टै गुठी पनि खडा गराइएको पाइन्छ । तराईमा माटोको कलात्मक सरस्वती मूर्ति बनाई ठूलो पूजा लगाइन्छ । भन्नुपर्दा श्रीपञ्चमी ऋतुराज वसन्तकोलाई स्वागत गर्न हर्सोल्लासपूर्वक मनाइने पर्व हो ।

### भक्तपुरको ल्हासापाको मञ्जुश्रीस्थान

भनिन्छ, मञ्जुश्री महाचीन ल्हासाबाट स्वयम्भू महाचैत्यको दर्शन र उपत्यकाको पानी चोभारको गल्छीबाट बाहिर पठाउञ्जेल यही भक्तपुरको जगडोलमा बसेका थिए । जहाँ घण्टाकारशैलीको सरस्वती मन्दिर ध्यानागार मानिन्थ्यो, ल्हासाबाट आएर पहिलोपल्ट बसेको स्थानलाई स्थानीयले ल्हासाको साथी भन्दाभन्दै ठाउँको नाउँ नै ल्हासापासा भनियो । सृजनाको प्रतीक, शिक्षा प्रविधिका अगुवा मञ्जुश्रीलाई नै शिक्षाकी गुरु सरस्वती मानिएपछि श्री पञ्चमीका दिन मेला लाग्ने परम्परा रहँदै आइरहेको छ ।

# तनहुँ, बागलुङ र पाल्पाका यी हुन् महिला उम्मेदवार

**दमौली (तनहुँ)–** राजनीतिक दलका नेताहरूले समावेशितालाई आफूहरूले जोड दिएको बताए पनि व्यवहारमा त्यो पूर्णरूपमा रूपान्तरण भएको छैन । संविधानमा महिलालाई गरिएको व्यवस्था कार्यान्वयन नभएकाले आफूहरू मैदानमा उत्रिएको उनीहरूले बताएका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँबाट चार जना महिला प्रतिस्पर्धा गर्दै छन् । तनहुँका दुवै क्षेत्रमा २८ जनाको उम्मेदवारी परेकामा चार जनामात्रै महिला उम्मेदवार छन् । तनहुँ-१ मा १६ उम्मेदवारमध्ये तीन महिला र क्षेत्र नम्बर-२ मा १२ उम्मेदवारमध्ये एक जना महिला छन् ।

मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले क्षेत्र नम्बर १ मा आमजनता पार्टीबाट भानु नगरपालिका-१२ की चिजामाया अधिकारी, नेकपा एमालेका तर्फबाट भानु नगरपालिका-८ की भगवती न्यौपाने र नेपाल मजदुर किसान पार्टीबाट भक्तपुर नगरपालिका-४ निवासी रामलक्ष्मी दुवालको उम्मेदवारी दर्ता भएको जानकारी दिए ।

यसैगरी क्षेत्र नम्बर-२ मा मंगोल अर्गनाइजेसन पार्टीबाट ऋषिङ गाउँपालिका-६ निवासी सुष्मा आलेको उम्मेदवारी दर्ता भएको छ । दुई वटा निर्वाचन क्षेत्र भएको बागलुङमा २३ जनाको उम्मेदवारी परेको छ । तीमध्ये दुई जनामात्र महिला छन् ।

बागलुङ क्षेत्र नम्बर-१ बाट मंगोल नेसनल अर्गनाइजेशनकी गुमाकुमारी मगर र क्षेत्र नम्बर-२ बाट नेकपा एमालेकी मञ्जु शर्मा चुनावमा होमिएका छन् । पाल्पामा पनि महिला उम्मेदवार एक जनामात्र छन् । दुई वटा निर्वाचन क्षेत्र भएको पाल्पामा ३० जनाले मनोनयन दर्ता गराएकामा एक जना महिलाको मात्र उम्मेदवारी परेको हो । राष्ट्रिय जनमोर्चाले क्षेत्र नं १ बाट नरमती सिञ्जालीलाई उम्मेदवार बनाएको छ ।

यसैबीच, नेपाल महिला संघकी नेत्री गंगा पौडेलले महिला सशक्तीकरणका निम्ति राजनीतिक दलहरू गम्भीर नभएका आरोप लगाएकी छन् । पाल्पामा एक जना महिलाको मात्र उम्मेदवारी पर्नु दल र तिनका नेताको महिलाप्रतिको दृष्टिकोण नबदलिएको उनी बताउँछिन् । *रासस*


## युएईमा रोजगार

कम्पनी : ALTAFADOL BUILDINGS MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337542 | चलानी नं. ६०२५१०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३९,९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL HAJAR AL MUNEER BUILDINGS MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337543 | चलानी नं. ६०२५१०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३९,९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL DAR AL MUBARAKCLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337544 | चलानी नं. ६०२५१०१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३९,९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: AKH TRANING CENTER काठमाडौंमा मिति: २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


## घोडाघोडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सुखड, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृत र आर्थिक प्रस्ताव खोल्ने सूचना

**(प्रकाशित मिति २०८२/१०/०९)**

यस घोडाघोडी नगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपशिलका ठेक्काको कार्यका लागि मिति २०८२ मंसीर ८ गते बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयावधी भीत्र पेश भएका बोलपत्रहरूको प्राविधीक प्रस्तावको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि मुल्यांकन समितिबाट सिफारिस भै आए वमोजिम सार्वजनिक खरिद ऐन २०६३ तथा ऐऐ. नियमावली २०६४ मा व्यवस्था भए वमोजिम ७ दिने प्राविधीक प्रस्ताव स्विकृत र आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयपत्रको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव मुल्यांकनबाट छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | NCB/GMU/०६/०८२/८३ | Nagar Sthariya Khelkud Rangashala Nirman,Ward No 1 | J.B./Upahar/Ramaroshan JV |
| 2. | NCB/GMU/07/082/83 | Nagar Ring Road 1 Dekhi 12 samma (Kramagat) | Bhandari Bros/Kalirakshya/Parbati JV |
| | | | BUTKA BABA/NEW KUMARI JV |
| | | | Bista Nirman Sewa |
| | | | RM-SAMIP JOINT VENTURE |

**प्रमुख प्रशासकिय अधिकृत**

## Ghodaghodi Municipality
## Office of the municipal Executives

**Sukhad, Kailali**

**Sudurpaschim Province, Nepal**

### Invitation for Bids No: As Per CDT

**Date of publication: 2026-01-23 (2082/10/09)**

1. *Ghodaghodi Municipality* invites electronic bids from Nepalese eligible bidders for the construction of *As per CDT* under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. *As per CDT inclusive VAT and P.S.*
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Ghodaghodi Municipality Office, Sukhad, Kailali* or may visit PPMO website www.bolpatra.gov.np/egp.

**CDT**

| Contract no./ID | Description of Works | Total Estimated Amount (With Vat) NPR | Bid Security Amount (NPR) | Bid Document Fee (NPR) | Remarks |
|---|---|---|---|---|---|
| NCB/GMU/08/082/083 | Kailali Jilla Ghodaghodi Nagarpalika Ward No.3 Ram Bahadur Chaudhary ko Ghar Dekhi 5 ko Simana Samma Sadak Istarunnati Yojana | 2503147.76 | 70000 | 3000 | |
| NCB/GMU/09/082/083 | Narayanpur Gaun Dekhi Ward Karyalaya Samma Jodney Sadak | 2503147.76 | 70000 | 3000 | |
| SQ/GMU/01/082/083 | Belar Pipal Chautara Dekhi Ring Road Samma Sadak Kalopatre | 1500903.06 | 42000 | 1000 | |
| SQ/GMU/02/082/083 | Maruwa Dekhi Ramjanki Mandir Jane Bato Kalopatre | 1500903.06 | 42000 | 1000 | |
| NCB/GOODS/07/082/83 | The Procurement of Sanitary Pads | 5515936.80 | 155000 | 3000 | |

**Chief Administrative Officer**

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को
**(KUSCCOOP)**

**शेयरधनी सदस्यज्यूहरूमा**

### २१ औं र २२ औं संयूक्त वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को- अपरेटिभ लि. (KUSCCOOP), कुमारी चोक, मित्रपार्क, चावहिल काठमाडौंको मिति २०८२ माघ २ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको आ.व. २०८०/०८१ र आ.व.२०८१/०८२ को **२१ औं र २२ औं संयूक्त** बार्षिक साधारण सभा तपशिल बमोजिम मिति, स्थान र समयमा निम्नानुसारका बिषयहरू उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा सबै शेयर सदस्यज्यूहरूलाई यसै सार्वजनिक सूचनालाई आधार मानी सम्पूर्ण शेयरधनी सदस्यज्यूहरूलाई संस्थाको २१ औं र २२ औं संयूक्त वार्षिक साधारण सभामा उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल :-**

**साधारण सभा बस्ने मिति स्थान र समय :-**

**मिति : २०८२ माघ २५ गते आइतबार**

**स्थान : लर्ड पार्टि भेन्यु, धुम्बाराहीचोक, काठमाडौं ।**

**समय : बिहान ११ बजे देखि दिउंसो १ बजे सम्म**

**छलफल तथा निर्णयार्थ प्रस्तावित विषयहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.ब.२०८०/०८१ र आ.व.२०८१/०८२ को प्रस्तुत गरेको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.ब.२०८०/०८१ र आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.ब.२०८०/०८१ र आ.व.२०८१/०८२ को लेखा सुपरिबेक्षण समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. संस्थाको आ.ब. २०८०/०८१ र आ.व.२०८१/०८२ मा सञ्चालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्थाको चालू आ.ब. २०८२/०८३ को नीति, कार्यक्रम, बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६. संचालक समिती र लेखा समितीको रिक्त रहेको पदमा उपनिर्वाचन गरी पदपूर्ति गर्ने सम्बन्धमा ।
७. संस्थाको नाममा रहेको गैह्र बित्तिय र स्थीर सम्पत्ति बिक्री गरी निक्षेपकर्ताको बचत फिर्ता गर्ने सम्बन्धमा ।
८. संस्थाको चालू आ.ब २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
९. तरलताको समस्या समाधानको बारेमा छलफल गर्ने सम्बन्धमा ।
१०. साधारण सभाको निर्णयपुस्तिकामा सही गरी निर्णय गर्नको लागि संचालक समितिको तर्फबाट र शेयर सदस्यको तर्फबाट प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
११. विविध ।

**संचालक समितीको आज्ञाले सचिव**

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८२/१०/०९ गते, शुक्रबार**

यस संघबाट उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रूपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संघलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी संस्था र संस्थाको सञ्चालक, जग्गाधनी, जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिंदा यस संघलाई लेखाई दिएको धितो लिलाम बिक्री गरी यस संघको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम् कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको सञ्चालकहरू वा निजहरूको एकाघर सगोल परिवारको नाममा रहेको वा निजहरुको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका सञ्चालकहरु एवं जमानीकर्ता र धितो दिने व्यक्ति समेतलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपसिल**

**ऋणी संस्थाको नाम : नयन बहुउद्देश्यीय सहकारी संस्था लि.**
**ठेगाना : ल.पु.म.न.पा.-१४, सातदोबाटो, ललितपुर**

**सञ्चालक तथा जमानीकर्ताको विवरण**

**१) केशव दहाल (अध्यक्ष तथा जमानीकर्ता)**
बाबु : टंक प्रसाद दहाल
बाजे : जोगनारायण दहाल
ना.प्र.नं. : ९७१००
ठेगाना : गोदावरी न.पा.१३, ललितपुर



**२) संजय कुमार कार्की (उपाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : तेजबहादुर कार्की
बाजे : कर्ण बहादुर कार्की
ना.प्र. नं. ५५८३६
ठेगाना : धापाखेल-२४, ललितपुर



**३) मुकुन्द तिमल्सिना (सचिव तथा जमानीकर्ता)**
बाबु : रोम प्रसाद तिमल्सिना
बाजे : रुद्र प्रसाद तिमल्सिना
ना.प्र. नं.: ३७७३०
ठेगाना : गोदावरी न.पा.१३, ललितपुर



**४) राजेश कुमार संजेल (कोषाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : दया प्रसाद संजेल
बाजे : हरिभक्त संजेल
ना.प्र.नं.: ८८९०३
ठेगाना : भट्टेडाँडा-१, ललितपुर



**५) सुनिता कुइकेल (संचालक तथा जमानीकर्ता)**
बाबु : रामजीप्रसाद कुइकेल
बाजे : हरिशंकर शर्मा
ना.प्र. नं. : ७२०५
ठेगाना : डाँछी-८, काठमाडौं



**६) रविन्द्र कुमार बानिया (संचालक तथा जमानीकर्ता)**
बाबु : हस्त बहादुर बानिया
बाजे : लोक बहादुर बानिया
ना.प्र. नं.: १२८४६
ठेगाना : ल.पु.म.न.पा. २४, ललितपुर



**७) मैया खड्का (संचालक तथा जमानीकर्ता)**
बाबु : मोहन बहादुर कार्की
बाजे : मान बहादुर कार्की
ना.प्र. नं.: २५१२७
ठेगाना : धापाखेल-९, ललितपुर



**८) रामकाजी पौडेल (पूर्व कोषाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : चेतनाथ पौडेल
बाजे : बद्रिनाथ पौडेल
ना.प्र.नं.: ३१३२/५८६४७
ठेगाना : गोदावरी न.पा.१३, ललितपुर



**९) दिनेश घोर्साइने (पूर्व संचालक तथा जमानीकर्ता)**
बाबु : हिरामणि घोर्साइने
बाजे : जय नारायण घोर्साइने
ना.प्र. नं.: २८०१-०६५-०२
ठेगाना : गोदावरी न.पा.१४, ललितपुर



**धितोको विवरण**

| जग्गा धनिको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| दु बहादुर गुरुङ | ल.पु.म.न.पा.-५, ललितपुर | ५च | ३३५ | ०-६-१-० |
| रोम प्रसाद तिमिल्सिना | झरुवारासी-७, ललितपुर | ७ख | ४८६, ४८४ | ०-३-०-० |
| गोकुल प्रसाद बजगाई | झरुवारासी-७, ललितपुर | ७ख | ४८५, ४८७ | ०-११-०-० |
| सरस्वती तिमल्सिना | चापागाउँ-५, ललितपुर | ५क | १३४८, १३५२ | ०-५-२-० |
| ईन्द्र कुमारी, प्रशान्त, सुभद्रा, प्रज्वल जोशी | चापागाउँ-६, ललितपुर | ६घ | १७६ | १-०-०-० |

**ललितपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लिमिटेड**
**ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर, फोन नं. : ०१-५४५३००१/५४५३००७**
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

# प्रभाव दैनिक

शुक्रबार, ०९ माघ २०८२ (Friday, 23 January 2026)


## रूपशाला

### ३३ दिनमा सकियो 'पेन्सन पट्टा'को छायांकन

अभिनेता माओत्से गुरूङ निर्देशित फिल्म 'पेन्सन पट्टा'को छायांकन सकिएको छ । मंगलबार कास्कीस्थित एक रिसोर्टमा अन्तिम दृश्य खिच्दै फिल्मको इन्डक्लयाप गरिएको हो । ३३ दिनको नियमित छायांकनपछि फिल्म सकिएको निर्देशक गुरूङले जानकारी दिए । 'अबको केही दिनमा पोष्ट प्रोडक्सनको काम सुरू हुनेछ । त्यसमा कति समय लाग्छ । निर्देशक गुरूङकै लगानी रहेको फिल्ममा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरूङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, राज थापा काउछा, लुनिभा तुलाधर, विश्वास गुरूङ, माया गुरूङ, यासिली राईलगायतका कलाकारको अभिनय छ ।



# हरिवंशको 'भूठान' ओटिटी प्लेटफर्म 'अमेजन' मा

**काठमाडौं (प्रस)**– चलचित्र 'भूठान' विश्वविख्यात ओटिटी प्लेटफर्म अमेजनमा सार्वजनिक गरिएको छ । चलचित्रका निर्माता अविरल थापाका अनुसार गत जनवरी ९ तारिखदेखि अमेजनले आधिकारिक रूपमा भूठानको अंग्रेजी नाम 'द वर्ल्डस् ह्यापियष्ट म्यान' नामबाट हालका लागि नर्थ अमेरिका क्षेत्रमा रिलिज गरिएको छ । चलचित्र बिस्तारै संसारभरका अन्य प्लेटफर्मबाट पनि हेर्न सकिनेगरी काम भइरहेको अर्का निर्माता राजेन्द्र ठकुराठीले जानकारी दिए ।

गत वैशाखमा नेपालमा रिलिज भएको यस फिल्ममा भुटानबाट अमेरिका पुगेका भूटानी शरणार्थीको कथा समेटिएको छ । वृद्ध अवस्थामा पुगेका एक व्यक्तिले जीवनको उत्तरार्धमा अमेरिकाबाट भूटान फर्किन गरेको प्रयास र पराइ भूमिमा बाध्य भएर बस्नु पर्दाको उकुसमुकुस, पराइ भूमिमा भौतिक सुख प्राप्त भए पनि धर्म, संस्कार र संस्कृति नमिल्दा त्यसले पार्ने प्रभाव देख्न सकिन्छ ।

चलचित्रको मुख्य भूमिकामा हरिवंश आचार्य छन् भने दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द-लामा, रिचा घिमिरे, जोएस पाण्डे, अदिती प्याकुरेल, टम क्रेन र विमल सुवेदीले पनि अभिनय गरेका छन् । विनोद पौडेलको निर्देशन रहेको 'भूठान'का निर्मातामा अविरल थापा, सुशांक मैनाली, राजेन्द्र ठकुराठी, अमिताभ जोशी र किर्तना बाँस्कोटा रहेका छन् ।

## रंगशाला

# नेपाल नेदरल्याण्ड्ससँग पराजित

**काठमाडौं (प्रस)**– आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको आफ्नो दोस्रो खेलमा नेपाल नेदरल्याण्ड्ससँग पराजित भएको छ । कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल नेदरल्याण्ड्ससँग दुई रनले पराजित भएको हो ।

यो जितसँगै समूह बी मा रहेको नेदरल्याण्ड्सले तीन खेलबाट छ अंक जोडेको छ । आजको हारसँगै नेपालको सुपर सिक्समा पुग्ने सम्भावना कमजोर बनेको छ । नेपाल यसअघि पहिलो खेलमा थाइल्याण्डसँग पराजित भएको थियो ।

जितका लागि १४१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १३८ रनमा समेटियो । नेपालका लागि रुबिना क्षेत्रीले ३२ बलमा सर्वाधिक ३७ रन जोडिन् । त्यस्तै सीता राना मगरले अविजित २७ रनको योगदान गरिन् भने बिन्दु रावलले १८ रन बनाइन् ।

नेदरल्याण्ड्सका लागि इसाबेल भान डर वोनिङले तीन विकेट लिइन् भने सिल्भर सिगर्स, रोबिन रिके र कारोलिन डे लाङले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले २० ओभरमा पाँच विकेट गुमाएर १४० रनको योगफल बनाएको थियो ।

नेदरल्याण्ड्सका लागि कप्तान बाबेट डी लिडले सर्वाधिक ४९ रन जोडिन् । त्यस्तै स्टेर कालिसले ३० रन बनाउँदा रोबिन रिके १९ र आइरिस ज्विलिङ १४ रनमा अविजित रहिन् । नेपालका रुबिना क्षेत्रीले दुई विकेट लिइन भने रिया शर्मा, सुमन विष्ट र पूजा महतोले समान एक/एक विकेट लिए ।

**बंगलादेश सुपर सिक्समा**

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा बंगलादेशले जित हासिल गरेसँगै सुपर सिक्समा स्थान पक्का गरेको छ । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भइरहेको खेलमा बंगलादेशले लगातार तीन जित हासिल गरेसँगै सुपर सिक्समा प्रवेश गरेको हो ।

बिहीबार सम्पन्न तेस्रो खेलमा बंगलादेशले नामिबियालाई ८० रनले पराजित गर्दै सुपर सिक्समा प्रवेश गरेको हो । यसअघि बंगलादेशले अमेरिका र पपुवान्युगिनीलाई हराएको थियो । यो जितसँगै बंगलादेश छ अंकका साथ 'ए' समूहको शीर्ष स्थानमा छ । खेलको सुरुमा टस हारेर ब्याटिङको निम्तो पाएको बंगलादेशले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १४४ रन बनाएको थियो । बंगलादेशका लागि शोभना मोस्तरीले सर्वाधिक २७ र दिलेरा अख्तरले २५ रन जोडेका छन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/०९ गते**

यस कम्पनीको मिति २०८२/०९/१७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **घले थापा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ओवायासी कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं. ३१४१३५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८२/१०/०९ गते**

यस कम्पनीको मिति २०८२/०९/०६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिदेव एल. बि.डि. कन्स्ट्रक्सन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कन्काई ग्लोबल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं. ३५१९६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८२/१०/०९ गते**

यस कम्पनीको मिति २०८२/०६/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निगाले सिमेन्ट्स प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निगाले इण्डस्ट्रिज प्रा.लि.(प्रा.लि.नं. ५०३७४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## वाट शाक्य लुम्बिनी इन प्रा.लि.

## खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७६/११/२९ मा दर्ता भएको प्रा.लि.नं. २३६२३६ रहेको यसबाट शाक्य लुम्बिनी इन प्रा.लि. को शेयरधनीको मिति २०८२/१०/०४ मा बसेको संचालक समितीको बिशेष शाधरणसभाबाट यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिवक्ता:- श्रवण कुमार श्रेष्ठ**
**दामासाही व्यवसायी इजाजतपत्र नं.४०४**
**लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाडौं ।**

## राहदानी हरायो

मिति २०७९/०६/२४ गते काठमाडौं, टोखाबाट सामाखुसी जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **आङदावा शेर्पा**
राहदानी नं : **०६५२९७८९**
ठेगाना : **आमचोक-१, भोजपुर**
फोन नं : **९८६३६९०४७१**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।२४ गते का.जि. सुर्यदर्शन हाइट ढलमल, टोखा न.पा. ०३ स्थित घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्को बजाज कम्पनीको पल्सर २२० सि.सि. को मोटरसाइकल अन्दाजी बेलुकीको ६:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट**
**धनीको नाम : रामचन्द्र थापा**
**बाइक नं.: बा.प्र. ०२-०४२ प ५८९९**
**च्यासिस नं.: MD2A13EX3MCJ96605**
**इन्जिन नं. : DKXCMH30862**
**ठेगाना : पञ्चकन्या गा.पा-४, नुवाकोट**
**सम्पर्क नं. ९८५१२८२९७०**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २६३ माघ ८ गते २०८२ मा प्रकाशित Yusho Global Pvt. Ltd. को Lot No.332826 को ABDULLAH A AL BARRAK & SONS CO. कम्पनीको विज्ञापनमा **अन्तरवार्ता स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ माघ १५ गते** (29th Jan. 2026) **मा, झापा दमक पाथीभरा ट्रेनिङ सेन्टरमा मिति २०८२ माघ १६ गते** (30th Jan. 2026) **मा, झापा विर्तामोड दमक ट्रेनिङ सेन्टरमा मिति २०८२ माघ १६ गते** (30th Jan. 2026) **मा, उदयपुर त्रियुगा दमक ट्रेनिङ सेन्टरमा मिति २०८२ माघ १७ गते** (31th Jan. 2026) **मा, सिराहा गोलबजार माधामिनी ट्रेनिङ सेन्टरमा मिति २०८२ माघ १८ गते** (1st Feb. 2026) **मा, बाँके नेपालगंज गुन्ज ट्रेनिङ सेन्टरमा मिति २०८२ माघ १९ गते** (2nd Feb. 2026) मा हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**YUSHO GLOBAL PVT. LTD.**
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

'समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार'

## छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**शुक्रबारे, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## विद्युतिय बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति- २०८२।१०।०६**

यस छथर गाउँपालिकाको लागि आ.व. २०८२।०८३ मा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजनाहरु बोलपत्र प्रकृया वाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक सप्लर्सबाट रीतपूर्वकको E- Bidding (विद्युतिय बोलपत्र) आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर र पि.एस सहित) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
